**ईशनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरैया, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२२)**

यस नगरपालिका कार्यालय अन्तर्गत रहेका विभिन्न पदमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले चालू आर्थिक वर्ष २०८२/०८३ को २०८३ असार मसान्त सम्मका लागि देहायका कर्मचारीहरू करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरीहरूबाट रु. ५०/- (पचास मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट दरखास्त फाराम प्राप्त गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**संघीय अनुदान तर्फबाट**

लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम

लघु उद्यम विकास (मेडपा)

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१/०८२-०८३ | ५ | उद्यम विकास सहजकर्ता | १ | १०००/- |
| २. | ०२/०८२-०८३ | ४ | सहायक उद्यम विकास सहजकर्ता | १ | १०००/- |

**विज्ञापन नं. ०१/०८२-०८३ को लागि योग्यता प्रमाणपत्रहरु:**

१. प्राविधिक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट उद्धम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतिर्ण गरेको वा सीप परीक्षण तह २/३ उत्तीर्ण गरेको ।
२. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
४. सरकारी संस्था वा सरकारको स्वामित्वमा रहेको कुनै परियोजनामा काम गरेको कम्तीमा १ वर्षको अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।

**विज्ञापन नं. ०२/०८२-०८३ को लागि योग्यता प्रमाणपत्रहरु:**

१. प्राविधिक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट उद्धम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उतिर्ण गरेको वा सीप परीक्षण तह २ उत्तीर्ण गरेको ।
२. न्यूनतम योग्यताको तथ्याङ्क प्रमाणपत्रको प्रतिलिपि।
३. सरकारी संस्था वा सरकारको स्वामित्वमा रहेको कुनै परियोजनामा काम गरेको कम्तीमा १ वर्षको अनुभव भएको लाई ग्राह्यता दिइनेछ ।

**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

गरिब घर परिवार पहिचान सम्बन्धी तथ्याङ्क सङ्कलन र किसान सूचीकरण कार्य सञ्चालनका लागी

CS CamScanner

| गरिब लक्षित विशेष कार्यक्रम र किसान सूचीकरण कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
| १. | ०३/०८२-०८३ | - | गणक | ६ | ३००/- |
| २. | ०४/०८२-०८३ | - | कृषि गणक | ३ | ३००/- |

विज्ञापन नं. ०३/०८२-०८३ र ०४/०८२-०८३ को लागि योग्यता प्रमाणपत्रहरुः

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरिएको ।
२. कम्प्युटर सफ्टवेयर चलाउने जान्ने ।
३. एन्ड्राइड फोन आफ्नै भएको र मोबाईलमा नेपाली यूनीकोडमा टाईप गर्न सक्ने ।
४. सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको ।
५. सरकारी संस्था वा सरकारको स्वामित्वमा रहेको कुनै परियोजनामा काम गरेका अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।
६. कुशल सञ्चार सिप भएको ।

उमेरको हद :- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

छनौटको किसिम :- प्रारम्भिक योग्यताको सूची प्रकाशन र अन्तर्वार्ता ।

| नगरपालिका तर्फ | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी | | | | | |
| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
| १. | ०५/०८२-०८३ | ४ | अ.न.मि. | ५ | १०००/- |

विज्ञापन नं. ०५/०८२-०८३ को लागि योग्यता प्रमाणपत्रहरुः

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण गरिएको वा सो सरह ।
२. नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको ।
३. SBA तालिम प्राप्त गरेको लाई ग्राह्याता दिइनेछ ।
४. सरकारी वा गैर सरकारी स्वास्थ्य संस्थामा काम गरेका अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।

उमेरको हद :- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

छनौटको किसिम :- प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

**द्रष्टव्य**

➢ सम्पूर्ण विज्ञापनमा चाहिने आवश्यक न्युनतम कागजातहरुः-

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।
२. न्यूनतम योग्यताको मार्कसिटको प्रतिलिपि।
३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
४. हालमा खिचेको दुवै कान देखिने फोटो ३ प्रति ।
५. अनुभव भए सो को प्रमाणपत्र प्रतिलिपि ।
६. विज्ञापन बमोजिमको शुल्क तिरेको नगदि रसिद ।
७. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

➢ परीक्षा केन्द्र र मिति :- परीक्षा केन्द्र र मिति यस नगरपालिकाको सूचना पाटी तथा विद्युतीय माध्यमबाट पछि प्रकाशन गरिने छ ।

CS CamScanner

➢ पारिश्रमिक तथा सुविधा :- नगर कार्यपालिकाको निर्णयानुसार ।

➢ दरखास्त दिने अन्तिम मिति :- प्रकाशन हुने सूचनाको मितिले १५ दिन सम्म (दर्खास्त दिने अन्तिम मितिमा कुनै सार्वजनिक बिदा हुन गाएमा सो को भोलि पल्ट कार्यालय समय सम्म)

➢ दाबी नपुग्ने :- करार अवधिमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा स्थायी वा अस्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाइने छैन ।

➢ पाठ्यक्रम :- कार्यविधि अनुसार पाठ्यक्रम तोकिएका पदहरु वाहेक अन्य पदहरुको पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ ।

➢ दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्वन्धित निकायवाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्छ ।

➢ लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण गरी वैकल्पिक/अस्थायी योग्यताक्रममा परेकालाई विशेष ग्राह्यता दिइनेछ ।

➢ यस नगरपालिकामा चालू आ.व. का दैनिकी ज्यालादारीमा कार्यरत कर्मचारी तथा सम्वन्धित पदमा अनुभव प्रमाण-पत्र प्राप्त गरेको लाई विशेष ग्राह्यता दिइनेछ ।

➢ सूचनामा उल्लेख नभएका अन्य कुराहरू नगरपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

०८१।१।२२

महमद नवाज हुसैन
प्रमुख प्रशासकीय अधिकृत